रघुगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मौवाफाँट, म्याग्दी
२०७३
गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः- ०७७/७८

च.नं.:- ६३१

मितिः २०७७/०७/२७

**विषय:- प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा ।**

श्री वडा कार्यालय (सबै)
रघुगंगा गाउँपालिका
म्याग्दी ।

प्रस्तुत विषयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको च.नं. ११५, मिति २०७७/०७/२५ को प्राप्त पत्रबाट आ.व. २०७७/७८ मा यस गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालन गर्न रू. ३९,८१,०००/- हस्तान्तरण गर्न अर्थ मन्त्रालय पठाईएको जानकारी प्राप्त हुन आएको छ । यस बजेटबाट ७७ जना परिचयपत्र प्राप्त बेरोजगारहरूलाई १०० दिन बराबरको रोजगारी प्रदान गर्नुपर्ने, ज्यालामा मात्र खर्च गर्न सकिने, दैनिक ज्यालादर रू. ५१७/- हुने, प्रत्येक श्रमिकले प्राप्त गर्ने ज्याला बैङ्क मार्फत् मात्र भुक्तानी हुने भएकोले खाता खोल्नुपर्ने, EMIS मा पहिलो प्राथमिकीकरणमा परेको बेरोजगार व्यक्तिलाई १०० दिनको रोजगारी उपलब्ध गराईसके पश्चात् मात्र तल्लो प्राथमिकीकरणमा परेको व्यक्तिलाई रोजगारीमा खटाउने बजेटलाई वडागत रूपमा विभाजन गरी कार्यान्वयन गर्न नपाईने जस्ता शर्तसहित प्राप्त उक्त पत्र यसै पत्रासाथ संलग्न राखी पठाईएको छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रम सामाजिक सुरक्षाको अवधारणासँग जोडिएको विषय हो । यसमा EMIS अनुसार प्राथमिकताक्रम निर्धारण भई प्रकाशित सूची अनुसार रोजगारी प्रदान गर्नुपर्दछ । प्रथम पटक प्राप्त बजेटबाट प्राथमिकताक्रम अनुसार ७७ जना बेरोजगारहरू छनौट हुनेछन् । यदि छनौट भएका श्रमिकहरू काममा नआउने भएमा मात्र तत्पश्चातको क्रमको बेरोजगार व्यक्ति छनौटमा पर्नेछ । योजना सञ्चालन गर्ने सूचीकृत बेरोजगारहरू मध्ये सकेसम्म स्थीय बासस्थान मिल्नेगरी उपभोक्ता समिति गठन गर्नुपर्नेछ । योजनाको लागत अनुमानका आधारमा उपभोक्ता समितिले कार्य गरी सम्पन्न भएको प्रतिवेदनका आधारमा प्रत्येक श्रमिकको बैङ्क खातामा ज्याला रकम जम्मा हुनेछ । प्राथमिकताक्रममा परेका श्रमिकहरूले अनिवार्य रूपमा बैङ्क खाता (सकेसम्म प्रभु बैङ्क लि, मौवाफाँट, म्याग्दी) मा खोलि खाता नम्बर गा.पा.को रोजगार सेवा कन्द्रमा बुझाउनुपर्नेछ ।

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत



वेवसाइटः raghugangamun.gov.np इमेलः raghugangagapa@gmail.com

# नेपाल सरकार
## श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
## (प्रधानमन्त्री रोजगार कार्यक्रम)

सिंहदरवार, काठमाण्डौ, नेपाल
फोन नं. ०१-४२००४७७
फ्याक्स नं. ०१-४२११८७७
Email : info.pmep.np@gmail.com
Website: pmep.gov.np

प.सं. २०७७/७८
च.नं./PMEP/ ११५

मिति : २०७७/०७/२५

श्री गाउँपालिका/नगरपालिका, सबै।

मार्फत: श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार ।

**विषय : प्र.म.रो.का.को सशर्त अनुदान रकम निकासा सम्बन्धमा ।**

प्रस्तुत विषयमा आर्थिक वर्ष २०७७/७८ को लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना कार्यान्वयन गर्ने मिति २०७७/०६/२० सम्म रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) मा १०० जना भन्दा बढी संख्यामा बेरोजगार व्यक्तिको विवरण प्रविष्ट गर्ने ५६९ स्थानीय तहलाई EMIS मा प्रविष्ट भएका बेरोजगार व्यक्तिको संख्याको आधारमा मिति २०७७/०७/२१ (मा.मन्त्रिस्तर) को निर्णयानुसार कूल रु.३ (तीन) अरब सशर्त अनुदान संलग्न विवरण बमोजिम हस्तान्तरणको लागि अर्थ मन्त्रालयमा पठाई सकिएको छ । उक्त सशर्त अनुदान रकम तपशिल बमोजिमका प्रकृया पूरा गरी कार्यान्वयन एवं खर्च गर्नुहुन निर्णयानुसार अनुरोध छ । साथै यसको प्रगति विवरण EMIS मार्फत नियमित संम्प्रेषण हुन समेत अनुरोध छ ।

श्री प्र.म.रोजगार कार्यक्रम उल्लिखित शर्तहरुको जानकारीका लागि वडा कार्यालयहरुमा पठाउने
७/२६

तपशिल

सशर्त अनुदान कार्यान्वयनमा शर्तहरु

१. यस कार्यक्रममा सशर्त अनुदानको रुपमा हस्तान्तरण हुने रकम ज्यालाको लागि मात्र हुने भएकोले श्रममूलक आयोजना छनौट र सञ्चालन गर्दा आयोजनाको लागतमा साझेदारी गर्नुपर्ने भएमा स्थानीय कानून बमोजिम आयोजना व्यवस्थापन वा संसोधन गरी आयोजना सञ्चालन गर्न सकिनेछ ।

२. EMIS मा सुचिकृत बेरोजगार व्यक्तिहरु मध्येबाट प्राथमिकिकरणको सूचि अनुसार क्रमश: रोजगारीमा खटाउनु पर्नेछ । पहिलो प्राथमिकिकरणमा परेको बेरोजगार व्यक्तिलाई १०० दिनको रोजगारी उपलव्ध गराइ सके पश्चात मात्रै तल्लो प्राथमिकिकरणको बेरोजगार व्यक्तिलाई रोजगारीमा खटाउनु पर्नेछ ।

१०५८
२०७७/०७/२६

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
(प्रधानमन्त्री रोजगार कार्यक्रम)

सिंहदरवार, काठमाण्डौ, नेपाल
फोन नं. ०१-४२००४७७
फ्याक्स नं. ०१-४२११८७७
Email : info.pmep.np@gmail.com
Website: pmep.gov.np

प.सं. २०७७/७८
च.नं./PMEP/

३. सशर्त अनुदानको रुपमा प्राप्त रकम श्रमिकको ज्यालामा मात्रै खर्च गर्नु पर्नेछ (श्रमिकको दैनिक ज्याला भुक्तानी गर्दा चालु आ.व. को लागि नेपाल सरकारले तोकेको न्युनतम पारिश्रमिक दर रु.५१७।- अनुसार भुक्तानी गर्नु पर्नेछ) ।

४. सूचिकृत बेरोजगार व्यक्तिलाई लाभग्राही परिचयपत्र जारी गरेर मात्र काममा खटाउनु पर्नेछ ।

५. कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ को दफा ७ बमोजिम प्रत्येक आयोजनामा प्रधानमन्त्री रोजगार कार्यक्रमको अधिकतम बजेट रु. २५ (पच्चीस) लाख हुनु पर्नेछ ।

६. आयोजना सञ्चालन गर्दा कार्यविधिको दफा ४ बमोजिम उल्लेखित क्षेत्रका आयोजना मात्र कार्यान्वयन गर्नु पर्नेछ ।

७. कार्यविधिको दफा दफा ४ को उपदफा (३) बमोजिम स्थानीय तहको योजना तर्जुमा प्रकृया पूरा गरेका आयोजनालाई क्रमशः कार्यान्वयन गर्दै जानु पर्नेछ ।

८. स्थानीय तहले प्रत्येक आयोजनाको लागत अनुमान स्वीकृत गरी कार्यान्वयन गर्नु पर्नेछ।

९. बेरोजगार सूचिकरणको विवरण, श्रमिक समूहको हाजिरी विवरण, भुक्तानी प्राप्त गर्ने श्रमिकको नाम, प्राप्त रकम र खर्चको विवरण सार्वजनिक गर्नु पर्नेछ र सो को सार्वजनिक लेखा परीक्षण गर्नु गराउनु पर्नेछ ।

१०. प्र.म.रो.का.को भौतिक तथा आर्थिक प्रगति प्रतिवेदन EMIS मार्फत नियमितरुपमा मन्त्रालयमा पठाउनुपर्ने छ । साथै, प्रत्येक आर्थिक वर्षको लेखा परिक्षण गराइ सो को विवरण समेत मन्त्रालयलाई उपलव्ध गराउनु पर्नेछ ।

२०७७/७/१२

(किसान न्यौपाने)
शाखा अधिकृत

**बोधार्थ :**
श्री अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखा, सिंहदरबार, काठमाण्डौ ।
श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाण्डौ ।

| सि.नं. | प्रदेश | जिल्ला | स्थानीय तहको नाम | यस बजेटबाट रोजगारी सिर्जना हुने संख्या (प्रति व्यक्ति १०० दिन बराबर) | अनुदान रकम (रु हजारमा) |
|---|---|---|---|---|---|
| ४५० | गण्डकी | लमजुङ | दुधपोखरी गाउँपालिका | १९ | ९८३ |
| ४५१ | गण्डकी | लमजुङ | दोर्दी गाउँपालिका | २९ | १५०० |
| ४५२ | गण्डकी | लमजुङ | मर्स्याङदी गाउँपालिका | १७८ | ९२०३ |
| ४५३ | गण्डकी | कास्की | अन्नपूर्ण गाउँपालिका | २९ | १५०० |
| ४५४ | गण्डकी | कास्की | माछापुछ्रे गाउँपालिका | ९ | ४६६ |
| ४५५ | गण्डकी | कास्की | मादी गाउँपालिका | ३३ | १७०७ |
| ४५६ | गण्डकी | कास्की | रूपा गाउँपालिका | ७ | ३६२ |
| ४५७ | गण्डकी | पर्वत | जलजला गाउँपालिका | ६९ | ३५६८ |
| ४५८ | गण्डकी | पर्वत | पैयूं गाउँपालिका | ४६ | २३७९ |
| ४५९ | गण्डकी | पर्वत | महाशिला गाउँपालिका | ६३ | ३२५८ |
| ४६० | गण्डकी | पर्वत | मोदी गाउँपालिका | ५१ | २६३७ |
| ४६१ | गण्डकी | पर्वत | विहादी गाउँपालिका | ६८ | ३५१६ |
| ४६२ | गण्डकी | बागलुङ्ग | काठेखोला गाउँपालिका | १९५ | १००८२ |
| ४६३ | गण्डकी | बागलुङ्ग | तमानखोला गाउँपालिका | ० | - |
| ४६४ | गण्डकी | बागलुङ्ग | ताराखोला गाउँपालिका | ३३ | १७०७ |
| ४६५ | गण्डकी | बागलुङ्ग | निसीखोला गाउँपालिका | ४४ | २२७५ |
| ४६६ | गण्डकी | बागलुङ्ग | वढिगाड गाउँपालिका | ९६ | ४९६४ |
| ४६७ | गण्डकी | बागलुङ्ग | बरेङ गाउँपालिका | १२७ | ६५६६ |
| ४६८ | गण्डकी | म्याग्दी | अन्नपूर्ण गाउँपालिका | ६५ | ३३६१ |
| ४६९ | गण्डकी | म्याग्दी | धवलागिरी गाउँपालिका | १३९ | ७१८७ |
| ४७० | गण्डकी | म्याग्दी | मंगला गाउँपालिका | ८८ | ४५५० |
| ४७१ | गण्डकी | म्याग्दी | मालिका गाउँपालिका | १०१ | ५२२२ |
| ४७२ | गण्डकी | पर्वत | रघुगंगा गाउँपालिका | ७७ | ३९८१ |
| ४७३ | गण्डकी | मुस्ताङ | घरपझोङ गाउँपालिका | ० | - |
| ४७४ | गण्डकी | मुस्ताङ | थासाङ गाउँपालिका | ६ | ३०० |
| ४७५ | गण्डकी | मुस्ताङ | लो-घेकर दामोदरकुण्ड गाउँपालि | १३ | ६७३ |
| ४७६ | गण्डकी | मुस्ताङ | लोमन्थाङ गाउँपालिका | ० | - |
| ४७७ | गण्डकी | मुस्ताङ | वाह्रगाँउ मुक्तिक्षेत्र गाउँपालिका | ० | - |
| ४७८ | लुम्बिनी | रुपन्देही | बुटवल उपमहानगरपालिका | १८६ | ९६१७ |
| ४७९ | लुम्बिनी | दाङ्ग | घोराही उपमहानगरपालिका | ९४ | ४८६० |
| ४८० | लुम्बिनी | दाङ्ग | तुल्सीपुर उपमहानगरपालिका | २२७ | ११७३६ |
| ४८१ | लुम्बिनी | बाँकि | नेपालगञ्ज उपमहानगरपालिका | ० | - |
| ४८२ | लुम्बिनी | नवलपरासी (पश्चि | बर्दघाट नगरपालिका | ५९ | ३०५१ |
| ४८३ | लुम्बिनी | नवलपरासी (पश्चि | रामग्राम नगरपालिका | १९ | ९८३ |
| ४८४ | लुम्बिनी | नवलपरासी (पश्चि | सुनवल नगरपालिका | ४६ | २३७९ |